श्री ५ को सरकार

# गृह पञ्चायत मन्त्रालयको

## सूचना

### नेपाल युवक संगठन (संशोधन) विधान २०२८

नेपाल युवक संगठनको विधान २०२६ (यसपछि मूल विधान भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल युवक संगठन ऐन २०२५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी नेपाल युवक संगठनको केन्द्रीय कार्य समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायबमोजिमको विधान बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस विधानको नाम "नेपाल युवक संगठन (संशोधन) विधान २०२८" रहेको छ ।

(२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल विधानको धारा ७ मा संशोधनः– मूल विधानको धारा ७ खारेज गरिएको छ ।

३. मूल विधानको धारा ८ मा संशोधनः– मूल विधानको धारा ८ पछि देहायबमोजिमको ८ क. र ८ ख. थप गरिएको छ ।

८ क. अधिवेशनको बैठकको कार्यविधिः– (१) संगठनको जिल्ला अञ्चल एवं केन्द्रीय अधिवेशनको बैठक हरेक ४।४ वर्षमा एक पटक सम्बन्धित सभापतिले बोलाउने छ । बैठक बस्ने मिति समय र स्थान सभापतिले तोकेबमोजिम हुनेछ । र बैठकको सभापतित्व सम्बन्धित सभापतिले र निजको अनुपस्थितिमा सम्बन्धित उप-सभापतिले र दुबैको अनुपस्थितिमा उपस्थित सम्बन्धित अधिवेशनका सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(२) सम्बन्धित अधिवेशनमा तत्काल कायम रहेका सम्बन्धित सम्पूर्ण सदस्य संख्याको कमसेकम एक तिहाई सदस्यहरूले लिखित माग गरेमा वा सम्बन्धित तहका परिषद्ले सम्बन्धित अधिवेशनको बैठक बोलाउने निर्णय गरेमा वा केन्द्रीय [अधिवेशन बाहेक अरू अधिवेशनको हकमा माथिल्लो तहका अधिवेशनबाट बैठक बोलाउन निर्देशन प्राप्त भएमा सम्बन्धित सभापतिले १ महीनाभित्र बैठक बोलाउनु पर्दछ सो म्यादभित्र सभापतिले बैठक नबोलाएमा अर्को १५ दिनभित्र उप-सभापतिले र निजले पनि म्यादभित्र बैठक नबोलाएमा सम्बन्धित अधिवेशनका सदस्यहरू मध्ये तत्काल सबैभन्दा जेठो सदस्यले अर्को १५ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-धारा (१) र (२) बमोजिमको बैठकको सूचना बैठक हुने मिति, समय र स्थान तोकी बैठक हुनुभन्दा कमसेकम १५ दिन अगावै सम्बन्धित अधिवेशनका सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) बैठकको निर्णय उपस्थित सदस्यहरूको दुई तिहाईको बहुमतबाट गरिनेछ । निर्णय पुस्तिकामा उपस्थित सदस्यहरूको सहीछाप गराई राखिनेछ । निर्णय पुस्तिका सम्बन्धित सभापतित्व गर्ने व्यक्ति वा निजको अनुपस्थितिमा निजले तोकिदिएको व्यक्तिले राख्नेछ ।

(५) बैठकमा सभापतित्व गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन तर मत बराबर भएमा निजले आफ्नो निर्णयात्मक मत दिन पाउनेछ ।

(६) बैठकको अरू कार्यविधि देहायबमोजिम हुनेछ ।

(क) बैठकको सुव्यवस्था कायम गर्ने काम सभापतित्व गर्ने व्यक्तिबाट हुनेछ ।

(ख) बैठकको सभापतिले तोकेको ठाउँ र क्रममा सदस्यहरूले बस्नु पर्दछ ।

(ग) बैठकको सभापतिको आसनको आदर गर्नु र मर्यादा राख्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(घ) बैठकको छलफलमा भाग लिने सदस्यहरूको बोल्ने पालो तथा प्रत्येक सदस्यले बोल्न पाउने समय बैठकको सभापतिले तोके अनुसार हुनेछ ।

(ङ) एउटा सदस्यले बोलिरहेको समयमा कुनै पनि अर्को सदस्यले निजको कुरा काट्न पाउने छैन ।

(च) बैठकको छलफलमा कुनै सदस्यले बेमनासिब कुरा गरेमा वा अनावश्यक किसिमले छलफल लम्ब्याएमा वा ऐन तथा विधानको विपरीत छलफल वा कुरा गरेमा बैठकको सभापतिले रोक्न वा सम्झाउन सक्नेछ ।

(७) बैठकमा छलफल गर्दा वा कुनै कुरा पेश गर्दा देहायका बन्देजहरूको पालना गर्नु पर्नेछ–

(क) राजद्रोहात्मक भाषा वा शब्दको प्रयोग गर्न नपाउने ।

(ख) कसैको व्यक्तिगत इज्जतमा धक्का पुऱ्याउने भाषा वा शब्दको प्रयोग गर्न नपाइने ।

(ग) कुनै अदालतमा दायर भएको मुद्दा मामिलामाथि छलफल गर्न नपाइने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

296

(घ) पञ्चायती व्यवस्थाको मौलिक सिद्धान्त विपरीत आलोचना गर्न नपाइने ।

(८) बैठकको छलफलमा कुनै सदस्यले कुनै आपत्तिजनक शब्दको प्रयोग गरेमा सभापतिले निजलाई सो शब्द फिर्ता लिन आदेश दिन सक्नेछ ।

(९) सभापतिको आदेशानुसार सचिवले बैठकको कार्यक्रम लिखित रूपमा तयार गर्नेछ ।

(१०) निर्णयको निमित्त बैठकमा पेश हुने कुनै कुरा प्रस्तावको रूपमा बाहेक अरू रूपमा राख्न सकिने छैन ।

(११) बैठकमा निर्णयको निमित्त पेश हुने प्रस्तावमा देहायको रीत पुगेको हुनु पर्दछ :–

(क) प्रस्ताव नेपाली भाषामा स्पष्ट बुझिने गरी लेखिएको ।

(ख) प्रस्तावमा विषय स्पष्ट व्यवहारिक तथा संगठनको कार्य क्षेत्रभित्र भएको ।

(ग) यस धाराको उप-धारा (७) अन्तर्गतका वन्देजहरू पालन गरेको ।

(घ) प्रस्तावमा प्रस्तावक र समर्थकको सही परेको ।

(ङ) बैठक शुरू हुनुभन्दा कमसेकम एक दिन अघि प्रस्तावको सूचना लिखित रूपमा बैठकको कार्यक्रम तयार गर्न सचिवलाई दिइएको ।

८ ख. अधिवेशनको काम तथा कर्तव्यः– संगठनको जिल्ला अञ्चल एवं केन्द्रीय अधिवेशनको काम तथा कर्तव्य देहायबमोजिम हुनेछ :–

(क) जिल्ला एवं अञ्चल अधिवेशनको हकमा आफ्नो तथा आफूभन्दा तल्लो तहको परिषद् एवं कार्य समितिको कार्य प्रगतिको अवलोकन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन आफ्नो राय साथ आफूभन्दा माथिल्लो तहको सम्बन्धित कार्य समिति परिषद्, अधिवेशनमा पेश गर्ने र केन्द्रीय अधिवेशनको हकमा केन्द्रीय परिषद् र कार्य समितिको तथा आफूभन्दा तल्लो तहको अधिवेशन परिषद् र कार्य समितिको कार्य प्रगतिको अवलोकन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन केन्द्रीय कार्य समिति मार्फत श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ख) जिल्ला एवं अञ्चल अधिवेशनले आ-आफ्नो क्षेत्रको राजनैतिक, आर्थिक र सामाजिक तथा सांस्कृतिक गतिविधि र समस्याको अवलोकन र मूल्याङ्कन गरी आवश्यक प्रतिवेदन सम्बन्धित कार्य समिति परिषद र केन्द्रीय अधि-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वेशन समक्ष पेश गर्ने र केन्द्रीय अधिवेशनले भने कुनै खास एक वा बढी जिल्ला एवं अञ्चल तथा देशव्यापी स्तरको राजनैतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक गतिविधि र समस्याको अवलोकन तथा मूल्याङ्कन गरी सो-को प्रतिवेदन केन्द्रीय कार्य समिति मार्फत श्री ५ को सरकार समक्ष पेश गर्ने ।

(ग) आफ्नो विभिन्न समस्याहरू समाधान गर्न समस्याको सिंहावलोकन र मूल्याङ्कन गरी प्रतिवेदन प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्ने ।

(घ) संगठनको लक्ष्य एवं उद्देश्य प्राप्ति गर्ने सम्बन्धमा परिषद् र समितिलाई अनुरोध गर्ने एवं निर्देशन दिने ।

(ङ) संगठनको प्रगतिको लागि योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने गराउने ।

(च) केन्द्रीय अधिवेशनले श्री ५ को सरकारको निर्देशन एवं आदेश र अरू तहका अधिवेशनहरूले आफूभन्दा माथिल्लो तहका अधिवेशन परिषद् एवं कार्य समिति र सम्बन्धित केन्द्रीय कार्य समिति मार्फत श्री ५ को सरकारले दिएको निर्देशन एवं आदेशलाई कार्यान्वयन गर्ने गराउने ।

४. मूल विधानको धारा १२ को खण्ड (घ)मा संशोधनः– मूल विधानको धारा १२ को खण्ड (घ) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायबमोजिमको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :–

"तर त्यस्तो निलम्बन जुन तहको सभापतिको आदेशबाट भएको हो सोही तहको परिषद्को आगामी बैठकबाट समर्थन नभएमा स्वतः समाप्त हुनेछ ।"

५. मूल विधानको धारा १८ मा संशोधनः– मूल विधानको धारा १८ को सट्टा देहायबमोजिमको धारा १८ राखिएको छ –

१८. कोषको जिम्माः– संगठनको कोष सम्बन्धित तहको कोषाध्यक्ष र निज नभएको अवस्थामा कार्य समितिले तोकेको व्यक्तिको जिम्मा रहनेछ । र सो कोषको सञ्चालन सभापति र कोषाध्यक्ष वा कोषाध्यक्षको काम गर्न तोकिएको व्यक्तिको संयुक्त दस्तखतबाट हुनेछ । सभापतिको अनुपस्थितिमा सचिव र कोषाध्यक्ष वा कोषाध्यक्षको काम गर्न तोकिएको व्यक्तिको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

६. मूल विधानको धारा २४ मा संशोधनः– मूल विधानको धारा २४ मा रहेको "एवं मनोनीत" भन्ने शब्दहरू झिकिएको छ ।

७. मूल विधानको अनुसूची २ मा संशोधनः– मूल विधानको धारा २४ संग सम्बन्धित अनुसूची २ को जुन जुन ठाउँमा "मनोनीत" भन्ने शब्द उल्लेख भएको छ ती ती ठाउँको "मनोनीत" भन्ने शब्दहरू झिकिएको छ ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।